नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 21 No 3 Monthly International Edition of Herald of His Coming March 2020

वर्ष २१, अङ्क ३ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (चैत, २०७६)

आत्माले भरिएको जीवन

The Overflowing Life of the Spirit

By Rich Carmicheal

Vol 77 No 2(915)

येशू ख्रीष्टले आफ्नो बचनमा यसो भन्नुहुन्छ कि,"जसले म माथी विश्वास गर्छ धर्मशास्त्रले भनेको अनुसार त्यसको अन्तस्करणबाट जिउँदो पानीको खोलाहरू बगि निस्कने छन् । तर यो कुरो उहाँले पवित्र आत्माको विषयमा बोल्नुभएको थियो, जुन पवित्र आत्मा उहामाथि विश्वास गर्नेहरूले प्राप्त गर्न लागेका थिए किनकी पवित्र आत्मा अहिलेसम्म दिएको थिएन किनभने येशूको महिमा अझसम्म भएको थिएन ।" (यूहन्ना ७ : ३८ -३९) के तपाईंमा यो भनाइ सत्य छ ? के परमेश्वरको प्रशस्त अनुग्रह तपाईंको जिवनबाट बगेको छ ? के तपाईंलाई अरुले पवित्र आत्माले भरिएको देखेका छन् ? (प्रेरित ६:३) के तपाईंको जीवन प्रभुको आनन्द, प्रभुको आशा, प्रभुको प्रेम, प्रभुको शक्ति र प्रभुको महिमाले भरिएको छ ? के तपाईंको जीवनमा कुनै आशिषले अभिषेक गरिएको छ ताकि तपाईंको सेवाले परमेश्वर पिताको महिमाको लागि धेरै काम भइरहेको छ ?

तपाईंले यी प्रश्नहरूको जवाफ कसरी दिनुहुन्छ ? परमेश्वरले पक्कै पनि यसै समयदेखि तपाईंको जिवनमा उहाँको आत्माले भरिएको चाहानुहुन्छ । हामीलाई थाहा छ कि हाम्रो जिवनमा पवित्र आत्माको उपस्थीति र काम बिना उहाँलाई प्रसन्न बनाउन सकिन्दैन । पुरानो करारमा हामीले हेर्‍यौ भने हामीले यो देख्न सक्छौ कि समय समयमा मानिसहरू असफल भए पछि आत्माद्वारा परमेश्वरले प्रतिज्ञा गर्नुभएको । उहाँले जब आफ्नो आत्मा उनीहरूमा खन्याउनु भयो, उनीहरूलाई परमेश्वरको मार्गमा हिँड्ने शक्ति दिनुहुन्थ्यो । (इजकिएल ३६ :२७) पेन्टिकोस्टको दिनमा परमेश्वरले प्रतिज्ञा गरे जस्तै उहाले आफ्नो आत्मा खन्याउनुभयो (प्रेरित २:१७ : १७ - १८) ।

स्वर्गमा हुनहुने हाम्रो पिताको आत्मालाई बाँड्ने उत्सुकतालाई येशू ख्रीष्ट जोड दिनुहुन्छ : "तिमीहरू दुष्ट भईकन आफ्ना छोरा छोरीहरूलाई असल थोकहरू दिन जान्दछौ भने, तिमीहरूका स्वर्गीय पिताले उहासँग माग्नेहरूलाई कति बढी गरेर पवित्र आत्मा दिनुहुन्छ ।" (लूका ११:१३) उहाँले कुनै सिमाबिना पवित्र आत्मा हामीलाई दिनुहुन्छ (यूहन्ना ३: ३४) र येशू ख्रीष्ट मार्फत उदारतापूर्वक हामीमाथि पवित्रआत्मा खन्याउनु हुन्छ । (तितस ३ : ५- ६) जीवन र सेवाको लागि पवित्र आत्माको कति आवश्यकता छ भन्ने कुराको प्रकाशमा म तपाईंलाई उहाँको व्यक्तित्व र कार्यको बारेमा केही गौरवशाली सत्यहरू विचार गर्न आमन्त्रण गर्दछु । म आशा गर्दछु कि तपाईं आफ्नो जिवनमा पवित्र आत्माले पूर्ण भएर प्रभुको खोजी गर्नु हुनेछ ।

उहाँ परमेश्वरको आत्मा हुनुहुन्छ -

बाइबलका सुरुका पदहरूले पवित्र आत्मा नै " परमेश्वरको आत्मा" हो भनेर मौलिक सत्यतालाई प्रकट गर्दछ (उत्पत्ति १ : २) । यो सत्यता बाइबल भरिमा "मेरो आत्मा" (इजकिएल ३६:२७) 'तपाईंको पिताको आत्मा" (मत्ती १०:२०), "जिवीत परमेश्वरको आत्मा" (२ कोरिन्थी ३:३०), "ख्रीष्टको आत्मा" (रोमी ८:९) र "येशूको आत्मा"(प्रेरित १६ : ७) उहाँ त्रिएकको भाग हुनुहुन्छ र "पिताबाटअघि बढ्नुभयो" । (यूहन्ना १५ : २६) हाम्रो जिवनमा पवित्र आत्माको उपस्थितिकोअर्थ नै पिता र पुत्रको उपस्थिति हो । (यूहन्ना १४ : १६ - १८, २३) पवित्र आत्माद्वारा हामी भन्न सक्छौ कि येशू ख्रीष्ट नै प्रभु हुनुहुन्छ । (१ कोरिन्थी १२ : ३) र उहाँद्वारा नै

हामी परमेश्वरलाई अब्बा पिता भनेर पुकार्दछौ (गलाती ४:६, रोमी ८ : १५) पवित्र आत्मा पूर्ण व्यक्तित्व हुनु भएको कारण उहाँ दु :खीत हुनुहुन्छ (एफिसी ४:३०), उहाँलाई अपमान गरिएको छ (हिब्रू १०:२९), उहाँ महिमाको आत्मा हुनुहुन्छ (१ पत्रुस ४:१४), उहाँको जाँच गरिएको छ (प्रेरित ५ : ९), उहाँको बारेमा झुट लियो (प्रेरित ५ : ३), उहाँको प्रतिरोध गरियो (प्रेरित ७ : ५१), उहाँ अनुग्रहको आत्मा हुनुहुन्छ (हिब्रू १० : २९) र हामीले उहाँको आगोलाई निभाउन सक्दैनौ (१ थेसलोनिकी५: १९) उहाँको विरुद्धमा निन्दा गर्नेलाई क्षमा हुने छैन (मत्ती १२ : ३१) ।

पवित्र आत्माले उहाँको वचन प्रकट गर्नुहुन्छ -

पवित्र आत्मा सत्यको आत्मा हुनुहुन्छ । उहाँले हामी सबैलाई सत्यतामा डोऱ्याउनुहुन्छ (यूहन्ना १६ : १३) । पवित्र आत्माले हामीलाई उहाँको वचन, उहाँको इच्छा र मार्गहरू सहित प्रभु प्रकट गर्नुहुन्छ । उहाँले हामीलाई पिताको नामबाट आशिष पठाइदिनुहुन्छ जुन आशिष ख्रीष्ट येशू हुनुहुन्छ र उहाँले हामीलाई सबै कुरा सिकाउनुहुन्छ (यूहन्ना १४ : २६) । उहाँले सबै थोकहरू खोज्नुहुन्छ जस्ले परमेश्वरका गहिरा गहिरा कुराहरू र परमेश्वरका विचारहरूलाई जान्दछन् (१ कारिन्थी २ : १०) । परमेश्वरले हामीलाई सितैमा दिनुभएको उपहार ख्रीष्ट येशू हुनुहुन्छ भनेर बुझ्नलाई पवित्र आत्माले मद्दत गर्नुहुन्छ । (१: कोरिन्थी २ : ११ - १२), र ख्रीष्टको महिमा लिएर हामीलाई महिमा दिनुहुन्छ (यूहन्ना १६ :१४ - १५), जसको कान छ उसले आत्माले के भन्दै हुनुहुन्छ सो सुन्छ (प्रकाश २ : ७) ।

उहाँले हामीलाई परमेश्वरको जिवन र प्रेमले भर्नुहुन्छ -

उहाँ जीवनको आत्मा हुनुहुन्छ (रोमी ८ : २), उहाँ परमेश्वरको जनहरूलाई आध्यात्मिक जिन दिनुहुन्छ (यूहन्ना ६ : ६३ २ कोरिन्थी ३ : ६), उहाँको सेवाकाइ गौरवशाली छ (२ कोरिन्थी ३ : ८), हामीलाई बढ्दो महिमाका साथ प्रभुको प्रतिरूपमा बदल्नु हुन्छ र उहाले हाम्रो हृदयमा काम गर्नुहुन्छ । (२ कोरिन्थी ३ : ३, १७ : १८) । उहाँको उपस्थितिले हामीमा परमेश्वरको जिवन उत्पादन गर्छ र हाम्रो जिवनमा पवित्र आत्माको फल फल्न सुरु गर्दछ । आत्माका फलहरू यी हुन्- "प्रेम, आनन्द, शान्ति, धैर्यता, दया, भलाई, नम्रता, कोमलता, आत्मा संयम" (गलाती ५ : २२ - २३) । पवित्र आत्माद्वारा परमेश्वरले हाम्रो हृदयमा आफ्नो प्रेम पोखाउनुहुन्छ (रोमी ५:५) र हाम्रो जीवनलाई धार्मिकता, शान्ति र आनन्दले भर्नुहुन्छ । (रोमी १४ : १७, १ थेसलोनिकी १ : ६) पवित्र आत्माले भरिएको जीवनमा आनन्द र शान्ति हुन्छ (रोमी ८ : ६) जब हामी पवित्र आत्मालाई खुसी पारेर छर्दछौ आत्माबाट नै हामीले अनन्त जिवनको कटनि गर्दछौ (गलाती ६:८) ।

उहाँले हामीलाई पवित्र बनाउनुहुन्छ -

पवित्र आत्मा पवित्र हुनुहुन्छ (रोमी १ : ४) र उहाँले हामीलाई पवित्र बनाउनुहुन्छ । हामीलाई उहाँको पवित्रताले धोएर नविकरण गरि बचाउनुहुन्छ (तितस ३:५) र आत्माद्वारा हामीलाई पनि पवित्र पार्नुहुन्छ (१ कोरिन्थी ६ : ११), (२ थेसलोनिकी २ : १३, १ पत्रुस, १ : २) । पवित्र आत्माले हाम्रो हृदयलाई शुद्ध गराउनु हुन्छ (रोमी २ : २९) र हामीलाई पाप र मृत्युको व्यवस्थाबाट स्वतन्त्र बनाउनु हुन्छ (रोमी २:२९), ताकि हामी आत्माको नयापनमा सेवा गर्न सकौ (रोमी ७ : ६) । पवित्र आत्मा नभएका मानिसहरू आफ्ना अभिलाषा अनुसार हिँड्छन् (यहूदा १८ - १९) तर जब हामी आत्मा अनुसार जिउँछौ तब हामी शरीरका कुकर्मलाई मार्न सक्षम हुन्छौं (रोमी ८ : १३) र पापी प्रकृतिको चाहनालाई तृष्णा गर्दैनौ (गलाति ५: १६) परमेश्वरले हामीलाई पवित्र जिवन विताउन मात्र आह्वान गर्नुभएको छैन उहाँले हामीलाई उहाँको पवित्र आत्माको उपस्थितिमा हिँडडुल गर्न पनि शक्ति दिनुहुन्छ (१ थेस्सलोनिकी ४: ३ - ८) । हामी पवित्र हुन सक्छौ किनकि हामी परमेश्वरका मन्दिर हौ, हाम्रो शरिर भित्र परमेश्वरको आत्मा वास गर्नुहुन्छ (१ कोरिन्थी ३: १६, ६ :१९) हाम्रो प्रभु आत्मा हुनुहुन्छ र जहाँ प्रभुको आत्मा छ त्यहाँ स्वतन्त्रता छ (२ कोरिन्थी ३ : १७) ।

उहाँले हामी र हाम्रो सेवाकाइलाई सुसज्जित पार्नुहुन्छ

पवित्र आत्मा परमेश्वरको शक्तिद्वारा भरिनुभएको छ र जब पवित्र आत्मा हामीमाथि आउनुहुन्छ हामीले शक्ति प्राप्त गर्दछौ र साक्षी दिनलाई सहासी भई परमेश्वरको वचन बोल्न थाल्छौ (प्रेरित १: ८, ४: ३१) । उहाँले चिन्न र चमत्कारको लागी शक्ति दिनुहुन्छ (रोमी १५:१९), राम्रो कामको लागी शक्ति प्राप्त हुन्छ (प्रेरित १०:३८), छुटकारको लागि शक्ति दिनुहुन्छ (मत्ती १२:२८, फिलिप्पी १:१९), प्रचार गर्ने शक्ति दिनुहुन्छ (मिका ३:८, १ कोरिन्थी २:४, १ थेस्सलोनिकी १:५), परमेश्वरको शक्ले हामीलाई हाम्रो भित्री व्यक्तित्वमा बलियो पार्नुहुन्छ (एफिसी ३:१६) र आत्माको शक्तिले हामीलाई आशा र प्रोत्सानले उत्साहित बनाउनुहुन्छ (रोमी ५:५) ।

पवित्र आत्माले हामीलाई अरु मानिसको भलाइको निम्ति आत्मिकि वरदान प्रदान गर्नुहुन्छ (१ कोरिन्थी १२ : ३ - ११) । उहाँले हामीलाई संसारदेखि अलग बनाउनुहुन्छ र उहाँको सेवाकाइमा डोऱ्याउनु हुन्छ (प्रेरित १३ : २ - ३) । उहाँले हामीलाई गम्भिर निर्णय गर्नको निम्ति अगुवाई गर्नुहुन्छ र विभिन्न किसिमका सेवाकाइको निम्ति

ढोका खोल्नुहुन्छ र बन्ध पनि गर्न सक्नुहुन्छ (प्रेरित १५:२८, १६ - ७ - १२, २० : २२ - २३) । उहाँले हामीलाई निरन्तर प्रार्थना गर्नको निम्ति उत्साहित गर्नुहुन्छ (एफिसी ६ : १८, यहूदा २०) जब हामी के प्रार्थना गर्ने हो भन्ने जान्दैनौ, उहाँलाई हाम्रो आत्मा सुम्पिदियौ भने पवित्र आत्मा आफैले हाम्रो र परमेश्वरको विचमा मध्यस्तकर्ताको काम गर्नुहुन्छ (रोमी ८:२६ - २८) ।

उहाँले हामीलाई निश्चयता दिनुहुन्छ -

हामीमा पवित्र आत्माको उपस्थितिले प्रभु सँगको सम्बन्धको निश्चयता दिन्छ । हामी जान्दछौ कि परमेश्वर हामी भित्र वास गर्नुहुन्छ जुन आत्मा उहाँले हामीलाई दिनुभएको छ (१ यूहन्ना ३:२४) । उहाँको आत्माले हाम्रो आत्माको साथमा यो गवाही दिनुहुन्छ कि हामी परमेश्वरका सन्तान हौ (रोमी ८:१६) । यद्यपि संसारले पवित्र आत्मालाई स्विकार गर्दैन, र नत उहाँलाई देख्छ नत चिनेको छ, हामी उहाँलाई चिन्छौ किनकी उहाँ हामीसँग वस्नुहुन्छ र उहाँ हामी भित्र हुनुहुन्छ (यूहन्ना १४ : १७) । यसैले हामी पिता मार्फत खीष्टमा शक्ति पाउँदछौ (एफिसी २ : १८) । हाम्रो जीवनमा आत्मा एउटा छाप हो यसले हामीलाई खीष्टमा चिनारी दिन्छ (एफिसी १ : १३) र हाम्रो भण्डार र स्वर्गको निम्ति निश्चयता दिन्छ (एफिसी १: १४, २ कोरिन्थी १: २२) ।

सबै अवस्थामा आत्माले भरिनु होस्

ओहो पवित्र आत्मा कति महिमीत व्यक्ति हुनुहुन्छ र उहाँको सवेकार्य कित गौरवशाली छ । उहाँको उपस्थितीले परमेश्वरको जीवन, परमेश्वरको शक्ति, परमेश्वरको पवित्रता, परमेश्वरको सत्यता, परमेश्वरको ज्योती, परमेश्वरको प्रेम, परमेश्वरको आनन्द, परमेश्वरको आशा र महिमाको साथ हामीमाथि आउँदछ । त्यसकारण पावलले हामीलाई पवित्र आत्माले भरियौ भन्ने कुरामा उत्साह दिँदछन् (एफिसी ५ : १८) ।

के तपाईंले आफ्नो जिवनमा पवित्र आत्माको पूर्णता चाहिएको महसुस गर्नुहुन्छ ? यदि त्यसो हो भने तपाईंको सम्पूर्ण हृदयले प्रभूलाई खोज्नुहोस् र उहाँ सोध्नुहोस्, उहाँको आत्माले भरिन माग्नुहोस् । जसले माग्दछ तिनीहरूलाई पिताले आफ्नो आत्मा दिनुहुन्छ । आफ्नो जीवनको हरेक भागलाई प्रभुमा समर्पण गर्नुहोस् । तपाईंका पापहरूलाई स्विकार गर्नुहोस्, तिनीहरूबाट तपाईं टाढा हुनुहोस र सबै कुरामा प्रभुको आज्ञा पालना गर्नुहोस् । पश्चाताप गर्नेहरूलाई उहाँले पवित्र आत्मा दिनुहुन्छ (प्रेरित २: ३८) र उहाँका आज्ञा पालन गर्नुहोस् (प्रेरित ५ : ३२) । प्रभुमा भरोसा राख्नुहोस र उहाँले तपाईंको आत्मालाई भरिपूर्ण पार्नुहुन्छ । पवित्र आत्मालाई खुसी पार्नुहोस् र तपाईंको हृदयमा काम गर्न दिनुहोस् । हरेक काम गर्दा आत्माको अगुवाही लिनुहोस् । पवित्र आत्मामा जिउनुहोस र हरेक समयमा आत्माको साथ पाउनुहोस् । ....."यदि कोही तिर्खायो भने त्यो मकहा आओस र पिओस् । जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रको भने अनुसार त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कने छन् ।" (यूहन्ना ७:३७ - ३८) पवित्र आत्माको उपस्थीति र सेवाको लागि हामीलाई आत्मिकि जिवनको खाचोपर्दछ ।

विश्वासीमा जागृति आउनु पर्छ

मलाई अचम्म लाग्छ । म मानिसहरूलाई चिन्ता गरिरहेको देख्छु । जसलाई हेर्नुस ऊ चिन्तामा लीन भएको देखिन्छ । ती सबै भविश्यका लागी चिन्तित भएको देखीन्छ । यस्ता मानिस साथीहरूलाई मेरो सुझाव छ । चिन्ता होइन, आत्मीकी चिन्तन गर्नुस । किनकि आत्मीकी चिन्तनले सत्य र सुन्दर कहिल्यै नास नहुँने मार्ग भेटिन्छ । मृत्युपछि पनि लामो जीवन पाईन्छ । किनकि परमेश्वरको वचनको गहिराइको पवित्र आत्माको चिन्तनले मात्र आत्मिकी भविश्यको दर्शन पाईन्छ ।

२१ औं सताब्दी आर्थिक राजीतिक तथा शैक्षिक रूपले विकाशको क्रममा अघि बढीरहेको देश नेपालका धार्मिक रूपमा चाही के पछि पर्ला र ? नेपाल विश्वकै एकमात्र घोषित हिन्दु देश हो भनिन्छ । यो धार्मिक सहिष्णुताको देश हो ।

सबै धर्मलाई समान रूपमा हेरिन्छ । हुँन पनि यहाँ बहुधर्मालम्बी मानिसहरूको बाहुत्यता छ । नै यस देशमा धर्माका विभिन्न सम्प्रदायहरूले धर्म तथा सम्प्रदायहरूको तीब्र ग तिमा विस्तार गरिरहेका छन् । प्रत्येक धर्म त था सम्प्रदायमा आ-आफ्नै विशेष समयमा जागृतिको माहोल आएको कुरा नौलो होइन । यी कुराहरू प्रा. गरी समय समयमा तथा आफ्नै चाडपर्वहरू हुने गर्दछन् । यी धर्म तथा सम्प्रदायहरूको प्राः गरी विशेष समय हुन्छ । एउटा सदावहार जागृतिको माहोलमा बगिरहने विश्वास छ । त्यो हो खीष्ट्रिय विश्वास यहँ न त समय न त चाडबाड चाहिन्छ । तर जुनसुकै समयमा पनि नयाँपन र अनन्त जियाई र जीवनको माहोल बगीरहन्छन् ।

यहाँ हरेक पल ताजापन र चर्को तातो जागृतिको ज्वाला बलीरहनु पर्दछ। जागीरहनु पर्दछ। र प्रभुमा बडीरहनु पर्दछ। ऊ त्यतिवेला जाग्छ। जब उसले येशू प्रभुलाई चिनेको हुन्छ।

एक विश्व विख्यात लेखक तथा बाईबल शिक्षक यसो भन्नु हुँदैछ, "जागृति भन्नाले व्यूझनु र जिउँनु हो। जीवनको श्रोत चाही परमेश्वरमा छ । जागृती भन्नाले परमेश्वरको सास फेर्नु हो ।" यो भनाइअनुसार, जागृति एउटा

जीवन जीउनु हो । जो जिउँदछ, त्यसले सास फेर्दछ । र उ अघि बढ्दछ । त्यसले बृद्धि गराउँदछ । जब परमेश्वरले मानिसको जीवनमा काम गर्न शुद्ध गर्नु हुन्छ । तब जागृतिको आगोले मानिसहरूको जीवनमा परिवर्तनको नदी बग्न सुरु गर्दछ ।

हामी अग्रज तथा परमेश्वरको महान सेवक डा: विल्ली ग्राहाम भन्नु हुन्छ । "जागृति मानिसबाट आउँदैन तर, परमेश्वर बाट मात्रै आउँदछ । जब-जब परमेश्वरले उहाँका मानिसहरूलाई जागृति को विशेष समयमा हुनुभयो, तब मानिसहरूको जीवन परिवर्तन भईरहेका छन् र खीष्टियनहरूले परमेश्वरको काम गर्नका लागी नयाँ शक्तिको अनुभव गरिरहेका छन् । साँच्चै नै जागृति एउटा आगो नयाँ शक्तिको अनुभव गरिरहेका छन् । साँच्चै नै जागृति एउटा आगोको झिल्का हो । जसले सल्काउने काम गर्दछ ।" त्यसैले हामी साँच्चीकै खीष्ट येशू प्रभुमा अनन्त जीवनको निम्ती विश्वास गरेका छौ खीष्टको मृत्यु र बौरी उठाईलाई उहाँले हाम्रो निम्ती भोग्नु भएको दु:खलाई सम्झीन्छौ भने हामी प्रत्येक विश्वासी आगोको झुल्का झै हुनुपर्छ ।

जागृति के हो, भन्ने सन्दर्भमा एक विशेषज्ञ रीय हेसनले भन्नु भएको छ, यो त उहाँको रगतद्वारा युद्ध भएपछि परमेश्वरको प्रेम जीवनद्वारा भरिएर तिमी-हामी एक अर्को संग हातेमालो गरी प्रभु येशूसँग मुल बाटोमा हिँडेजस्तै हो ।"

मानव जीवनमा नयाँपन, आत्मीकी, शक्ति इमान्दारिता आज्ञाकारीता र प्रभुको अधिन्तामा रही उहाँको आश्चर्यपूर्ण शक्ति र नयाँ जीवन जियाइनको आभाष भईरहनु पर्दछ ।

हामीमा आत्मिकी एकताको आवश्यकताको महशुस भइरहनु र नयाँपनको आभाष भएर इर्जकएलको पुस्तकमा भनेझै मृतक उठ्नु पर्दछ । यही हो, जागृति, जुन कुरा प्रार्थना, स्तुती प्रशंसा, प्रवचन, बोली चाली लवाई-खवाई, हिँडाई इत्यादिमा आवश्यकता छ ।

विश्वासीले दर्शन देख्नु पर्दछ

दर्शनको परिभाषा फरक-फरक संकायमा, त्यसरी नै हुने गर्दछ । मेरो आफ्नै सीमित ज्ञानमा, दर्शनले वर्तमानको यथार्थतामा उभिएर क्षितिजमा रहेको एउटा फरक, सभ्य प्रगतिशील, स्थायी र आशिषपूर्ण जीवनको परिकल्पनालाई निर्धारण गर्दछ । आज हामीहरूले उपभोग गरिरहेका सामाजिक, आर्थिक, राजनैकि तथा आध्यात्मिक यथार्थता, हिजोका हाम्रा अग्रजहरूको दर्शनको प्रतिबिम्ब हो ।

"आजको रोपाई, भोलीको कटनी" भन्ने धर्मशास्त्रीय सिद्धान्तको एक उपज हो । आज हामी आकाशमुनी यस्ता धेरै राज्यहरू देख्छौ, सुन्छौ र केही मात्रामा अनुभव पनि गरेका छौ । कति राज्यहरूमा मानवीय विकासले गगनलाई चुनीसकेका छन्, कति राज्यहरू विकासका क्रममा छन् भने कति राज्यहरू अझै सयौं वर्ष पछाडि भएका त्यहाँका मानवीय सम्वेदनशीलता ले देखाइरहेको छ ।

यी सबै कुराहरू हुनको कारण एउटा व्यक्तिको आदर्श दर्शनको खाँचो छ । कुनै एक व्यक्तिको आदर्श दर्शनले ल्याउने सर्वाङ्गिण रूपान्तरण निरन्तरण रहन्छ । दर्शनचाहिँ व्यक्ति होइन तर त्यो साँचो आदर्श दर्शन मर्दैन, हस्तान्तरण मात्रै हुने गर्दछ ।

आज हाम्रो गाउँ, शहर र सम्पूर्ण राज्यको रूपान्तरणको लागी एउटा आदर्श दर्शन देख्ने युवाको खाँचो पर्दछ । त्यो एउटा आदर्श दर्शन, जसमा रूपान्तरण गर्ने शक्ति छ । त्यो त्यही हो, "किनकी सु-समाचार सँग मा शर्माउँदिनँ, किनकी विश्वास गर्ने हरेकको निम्ति पहिले यहुँदी लाई, अनि ग्रीकलाई पनि मुक्तिको निम्ती, यो परमेश्वरको शक्ति हो ।" (रोमी १:१६) आजको वर्तमान मण्डलीहरूले सुसमाचारको दर्शनलाई प्रवर्न्धन गर्न अपरिहार्य छ । पावल प्रेरित, यो सत्यतालाई यसरी भन्नु हुन्छ । "तर नेपाल जेल मिनिष्ट्रोजन (Nepal Jail Ministries) तिमोथी ४:५ तिमी चाँही दह्रिला होऊ । कष्ट भोग, प्रचारको काम गर, र तिम्रो सेवाको काम पुरा गर ।"

मानिसको सृष्टि परमेश्वरको सुन्दर परिकल्पनामा भयो। तर मानिसको आफ्नै पापको कारणले गर्दा पतन भयो । मानिसको पतन पछि । परमेश्वरले मानिसहरूको उद्धारको लागी मोशाद्वारा व्यवस्था दिनु भयो र यसै गरी श्रृंखलाबद्ध तरिकाले मुक्तिका उपायहरू दिँदै रहनुभयो, र अन्तमा पुत्र खीष्टमा आफै प्रकट हुनु भयो । (हिब्रू १: १ - २) येशू खीष्टले मानवीय अवतार लिनुको मुख्य केन्द्रीय उद्देश्य चाहीं मानवको पुन: स्थापना हो यो दर्शनलाई पुरा गर्न उहाँ आफैले भन्नु भयो, "परमेश्वरका आत्मा ममाथि छ । किनभने गरीबहरूलाई सु-समाचार सुनाउनको निम्ती उहाँले मलाई अभिषेक गर्नु भयो । उहाँले मलाई कैदी हरूलाई छुटकाराको घोषणा गर्न र अन्धाहरूलाई दृष्टि दिनलाई पढाउनु भएको छ । र अत्याचारमा परेकाहरूलाई स्वतन्त्र गराउनको निम्ती (लुका- ४ : १८)

"मति २८:१८ "सात जगत्मा गएर सारा सृष्टिलाई सु-समाचार प्रचार गर ।" येशू खीष्टको स्वर्गारोहणपछि, त्यो सु-समाचारको दर्शन पुरा गर्न पवित्र

आतमा खन्याईयो । प्रेरितहरूको पवित्र आत्माको शक्तिमा यरुशलेम देखी पृथ्वीको अन्तसम्म सु समाचार पुऱ्याउने अभियान शुद्ध गरे र आडासम्म निरन्तर छ । प्रेरित १:८ प्रेरितीय युगपछी, आज त्यो सु-समाचारको दर्शनपुरा गर्न स्थानीय मण्डलीलाई अभिप्रेरित गराईरहनु भएको छ । मण्डली ले के आज हाम्रो युवाहरूलाई यस कामको लागी निर्माण गर्देछ ?

एउटा संम्वेदनशील प्रश्न उता मण्डलीहरू मा नै निहित छ । यो युग हाम्रो लागी यहोशुको युग हो र यहोशुको समुहलाई यो दर्शन हालिं दनु क्षेत्रहरू छैनन् ।

साँचो बोझ उठाउनु

बोझ विनाको दर्शन काम विनाको विश्वास र, आत्माविनाको शरीर जस्तै हो । दर्शनलाई वास्तविकतामा उतार्ने काम साँचो बोझले दिँदछ । बोझलाई दाऊदको शब्दमा भन्दा "तिर्सना" (भजन ४२:१) पावलको भाषामा भन्दा "सु-समाचारको ह्रास" यसलाई बुझ्न तात्कालीन रोमी सम्राटको दासत्वको प्रकृतिलाई केलाउनुपर्दछ । येशू प्रभुले भन्नुभयो, "कोही मरौ पछि लाग्छ भने" वा चेला बन्न चाहन्छ भने "आफैलाई इन्कार गरोस् र आफ्नो रुस उठाओस्" ।

यसैगरी उहाँले अझै एक कदम अगाडि भन्नु भयो ।"उहाँको दाना जमिनमा परेर ठीक समयमा उसले उमार्न सक्तैन" । साँचो बोझ त्यो हो, जसलाई कुनै पनि परिस्थिति र अवस्थाले रोक्दैन । तर निरन्तरता हुन्छ । प्रभु येशूले अर्को ठाउँमा भन्नु भयो, "तिमीहरू गएर फल फलाओ, औं तिमीहरूको फल फलीरहोस् । (यूहन्ना १५:१६)" पुरानो करारले उल्लेख गरेको छ । नहेम्याहले, यरुशलेमको पर्खाल पुनः निर्माणको लागी दिनरात सबै प्रकृतिका विभिन्न चुनौतिहरू सामना गरे तर, नरोकिएर निरन्तर लागीरहे, जसको फलस्वरूप विस्थापित यहुँदीहरू पुनः स्थापित भए । त्यसैले दर्शन छ । तर बोझ उठाउन तयार छैन भने, त्यो दर्शन होईन तर कल्पना मात्रै हुन्छ ।

समर्पणता:

समर्पणता एक उच्च विचार होइन, संलग्नता हो आफैलाई त्यो कामको लागि दिन सक्नु हो । पावलले यसरी भन्नुहुन्छ । "तिमीहरूको यथोचित सेवाको रूपमा आफ्ना आफ्ना शरिरलाई पवित्र र परमेश्वरलाई मनपर्ने जिउँदो बलिदान गरी दिइहाल ।" विचार र मन मात्र होइन, शरीर नै दिनु पर्ने । "ती खुट्टाहरू कति सुन्दर छन्, जसले पहाटतिर सु-समाचार पुऱ्याउँछन् ।" खुट्टाहरू शरीरका अंग छैन । पावलले यरुशलेममा बसेर एउटा सु-समाचारीय सोच मात्र बनाएर बसेनन् तर उनले तिन वटा ऐतिहासिक सु-समाचारीय यात्र गरे, यो पावलको सु-समाचारको दर्शनको समर्पणता थियो । "उहाँले त्यो दर्शन भएपछि, परमेश्वरले हामीलाई तिनीहरूकहाँ सु-समाचार प्रचार गर्न बोलाउनु हुन्छ भन्ने निश्चय मानी हामी तुरुन्तै म्यासिडोनीया जान खोज्यौं ।" (प्रेरित १६:१०) हिब्रु लेखकले लेख्नु हुन्छ । "हरकिसीमका टण्टा र हामीलाई सजिलै सित । अल्मल्याउने पापलाई पन्छाएर हाम्रा सामनेमा राखिदिएको दौड धीरजसँग दौडौ," साँचो समर्पणताले आफैलाई जोगाउँदैन, सु-समाचारको लागी आफ्नो जीवन पुर्णरूपमा सुम्पन्छ :

विश्वासीमा चरित्र:

सन्देश शक्तिशाली तर, सन्देशबाहकको जीवन-चरित्र- नैतिकता र आध्यात्मिक जीवनस्तर ठीक स्थानमा छैन भने, ऊ एउटा पेरोवर खीष्टियन कर्मचारीमा सिमित रहन्छ । पावलले आफैलाई भन्नुहुन्छ, "आं मेरो वचन र मेरो प्रचार मानिसको ज्ञानका लोभ्याउने कुराहरूमा होइन, तर आत्मा र शक्तिको प्रदर्शनमा थियो ।"

यो चारित्रीक र आत्मिक शक्ति हो । पावलले अर्को ठाउँमा यसरी आफ्नो नैतिक जीवनलाई व्यक्त गर्नुहुन्छ, "म आफैलाई कट्छु पिटुछु । बसमा राख्छु, नत्र अरुलाई प्रचार गर्छु तर आफै चाही नष्ट हुन्छ ।" यो त्यती सहज छैन भन्ने अभिव्यक्ति पनि दिनु हुन्छ । "हाय मलाई दर्शन पाएका र बोझ पनि उठाउन तयार व्यक्तिहरूले नैतिक चरित्र जोगाउन सकेनन् भने शिमसोकाको घटनाले स्थान लिन सक्छ, ऊ बीस वर्ष सम्म इस्राएलीहरूको न्यायकर्ता भएको तर, न्यायकर्ता हुनुको छैनुको मुख्य उद्देश्य पुरा भएन, त्यो थियो- इस्राएलीहरूलाई परिश्तीहरूको हातबाट छुटाउनु ।

शियसोत्रले आफैलाई जोगाएर राख्न सकेनन् उनले परमेश्वरबाट बोलावटका साथ विशेष अभिषेक पाएका "ननजिर" तर जीवन श्राप भयो । तर अर्को जीवन छ । यूसुफको जसको नैतिक चरित्र अति उच्च थियो । जसको कारणले मिश्री (अन्यजाती) को घरमा समेत आशिष आयो ।

त्यसैले धर्मशास्त्रीय सत्यता यही हो कि "दर्शन"वास्तविकता छैन- वोझ, समर्पणता र नैतिक चरित्र उच्च राख्नु अपरिहार्य हुन्छ । "जहाँ दर्शन छैन, त्यहाँ मानिसहरू भाँडिन्छन् ।" परमेश्वरले हामी सबै लाई सेवाकाई क्षेत्रमा प्रशस्त्र आशिष, अनुग्रह गर्नु भएको होस् ।

निर्दोष तिमिसिल्ना
(प्रमुख)
नेपाल जेल मिनिस्ट्रीज

प्रभुको कामको लागि एक प्रेरणा

The One Motive for the Work of the Lord

By Rich Carmicheal

Vol 78 No 7(930)

यस विषय प्रभुले हामीलाई आफ्ना जनहरू भनेर सुम्पनु भएको कामको विभिन्न पक्षहरूमा केन्द्रित छ । यस लेखमा हाम्रो काम लागि तयारी, हाम्रो कामको उदेश्य, हाम्रो कामको लागि शक्ति र प्रचारकार्य उल्लेख गरिएको छ । आशा छ कि यस सामाग्रीले प्रभुको लागि तपाईंको बहूमुल्य कार्य गर्नमा हौसला प्रदान गर्नेछ ।

यस मुद्दाको तयारीको क्रममा मैले काउन्ट जिन्जेन्डोर्फको नेतृत्वमा मोरामियन्सको बारेमा विशेष प्रेरणादायक सामग्री भेट्टाए । उनीहरूको १०० वर्षको प्रार्थना र उनीहरूको अविश्सनीय मिसनरी र प्रचारप्रसार रहित, विश्वासीहरूको यो समुदाय प्रभुको लागि तिनीहरूको कामना एक उदाहरण स्वरूप खडा छ ।

ओस्वाल्ड जे स्मिथद्वारा उल्लेख गरिको 'उत्तर अमेरिकी भारतीयहरूमध्ये, वेस्ट इन्डिजमा, ग्रीनल्यानडको चिसो, निराश किनारामा धेरै टाढा अन्धकारमा, अफ्रिका, दक्षिण अमेरिकामा र व्यावहारिक रूपमा युरोप र एसियाका सबै देशहरूमा मोरामियाहरूले खीष्टको क्रूसको झण्डा खडा गरे र खीष्टमा हजारौ आत्माहरूलाई जिते । यी सबै विलियम क्यारीले आधुनिक मिसनरी आन्दोलन सुरु गर्न भन्दा झण्डै पचास वर्ष अघि नै मेरामियलहरूबाट प्रेरणा पाए ।' जहाँ उनीहरूको कार्यक्षेत्र र प्रभाव आश्चर्यजनक छ, खास गरी के कुरा उल्लेखनीय छ भने तिनीहरूको बलिदानको लागि प्रेरणा हो ।

एन्ड्रयूले यो वर्णन गर्दछन् : काउन्ट जिन्जेन्डोर्फ, जसलाई परमेश्वरले युवा चर्चलाई मिसको मार्गमा तालिम दिन र डोऱ्याउनको लागि तयार पार्नुभयो, हाम्रो प्रभु येशूप्रति कोमल र भावुक प्रेमले सबैभन्दा माथि चिन्हलगाइदिनु भयो । येशू खीष्ट जो सबै सुसमाचारका आरम्भक र प्रेरक हुनुहुन्छ, उहासँग हुनुहुन्थ्यो । युमाको मृत्युको प्रेमले उसको हृदयलाई जित्यो र प्रेमको हृदयले भरियो । खीष्टको प्रेम उसको जिवनमा आएको थियो । खीष्टमा बाहेक ऊ अरु कहि पनि बाच्न सक्दैन थियो । जब मिसिनरीको पदभार लिन थाल्यो, त्यो प्रेमको अभिप्राय थियो जुन उसले अपील गरेको थियो । खीष्टमा विश्वास गरेर उसले मानिसको आत्मा जित्ने कोशिस गऱ्यो ।

विभिन्न किसिमको शिक्षा र अनुशासन फलदाय बनाउनको निम्ति खीष्टको प्रेम बिना हुन सक्दैन थियो । प्रेरितहरूले धेरै किसिमका गवाही दिएको हामीले पाउँछौ । यस बाहेक उनिहरूको त्याग र तयारीलाई अरुले पनि चिन्न सकोस् भनेर खीष्टमा आनन्दित भए ।

परमेश्वरले जिन्जेन्डोर्फको लागि के प्रदान गर्नुभयो ? उनका अनुयायीहरूलाई सुधार गर्ने र मण्डलीको नेतृत्वलाई अगाडि बडाउने कुराहरू ।

यस संसारका आशाहरूबाट अलग हुने पहिलो कुरा थियो । त्यो धैर्यताको शक्ति थियो । परमेश्वर माथिको विश्वाससाथ सतावटमा काम गर्नु यी मानिसहरूको निम्ति महान्ता थियो । तिनीहरू बलिदानको सोच र भावनाले भरिएका थिए । तिनीहरूले कठिनाइ सुध्रन र सबै समस्याहरूमा परमेश्वरलाई खोज्न सिकेका थिए । तर यो भन्दा पनि अर्को कुरा उनीहरूको संगतिलाई उहाँले अदभूत शक्ति प्रदान गर्नुभयो । यो येशू खीष्ट प्रतिको उनिहरूको एकटा बढ्थ र व्यक्तिगत भक्तिको महानता थियो परमेश्वरको युमाको रूपमा जसले तिनीहरूलाई आफ्नो रगतले किन्नु भएको थियो । उनीहरूको सबै सुधार र राजी खुसीले पाप स्वीकार गरेको र त्यागेको कुरा जिवीत खीष्ट विश्वासद्वारा आएको हो । उनीहरूले परमेश्वरको शान्ति र पापको शक्तिबाट छुटकारा पाए ।

उनीहरू शब्द र गीत र प्रार्थनामा संगितद्वारा प्रत्येक दिन विश्वासमा मजबूत भए । यो विश्वासले उनीहरूलाई यत्ति आनन्दले भर्‍यो कि उनीहरूको हृदय अत्यन्त रमाइलो भयो । सबैभन्दा ठूलो कठिनाइको बिचमा येशू तिनीहरूको निम्ति मर्नुभयो जसले उनिहरूलाई माया गरेर बचाउनुहुन्छ भन्ने आश्वासनले कठोर हृदय भएकाहरूलाई जित्न सक्छ र आशीर्वाद दिन सक्छ ।

परमेश्वरले विश्वासीहरूको विचमा अचम्मको काम गर्न सक्नुहुन्छ । यदि उनिहरूले उहाँलाई गहिरो प्रेम गरेर उहाँको सेवामा सारा हृदयले समर्पण

गरे भने उहाँको महिमाको निम्ति यो हुन सक्छ ।

ख्रीष्टको लागि हाम्रो प्रेम

प्रभुले हामीलाई सुम्पनुभएको कामको सम्बन्धमा जाच गर्नु एउटा महत्वपूर्ण कुरा हो । उहाँसँगको हाम्रो सम्बन्धको गहिराई उहाँले हामीलाई अत्यन्त माया गर्नुहुन्छ र उहाँ यो चाहानुहुन्छ कि हामीले उहाँलाई सारा हृदयले, सारा प्राणले, सारा शक्तिले र सारा समझले प्रेम गरौं । (लूका १०:२७) उहासँगको हाम्रो सम्बन्ध र उहाप्रतिको हाम्रो प्रेम अति नै प्रघाट छ । उहाँले हामीलाई सुम्पिनुभएको सबै कामबाट हामी प्रभावित हुनुपर्छ ।

एफिससमा भएको मण्डलीलाई लेखिएको पत्र यसको उदाहरण हो । एकातिर उहाँले थकित भएकालाई स्विकार गर्ने अहवान गर्नुहुन्छ । प्रकाश २ को ३ अनुसार भने अर्कोतर्फ उहाँ पश्चाताप गर्न कडा आहवान गर्नु हुन्छ । उहाँले भन्नुहुन्छ तिमीहरूले पहिलो प्रेम त्यागेका छौ (पद ४ अनुसार) ।

आज हामीले विचार गर्नुपर्ने कुरा हामीले प्रभुसँग कस्तो सम्बन्ध राखेका छौ ? जाँच गर्न सक्छौं । उहाँले हामीलाई प्रेम गरी हाम्रो निम्ति आफैलाई अर्पण गर्नुभयो (गलाती २ : २०), भने हामी उहाँप्रति कतिको गहिरो भक्ति वा सम्बन्ध राख्न सकेका छौं । "तिमीहरूले जो गर्छौं दिलो ज्यानले गर्ने गर, मानिसको होइन, तर प्रभुको सेवा गरे जस्तै, यो जानेर कि तिमीहरू आफ्ना उत्तराधिकार इनामको रूपमा पाउने छौ । तिमीहरू प्रभु ख्रीष्टको सेवा गरिरहेका छौ ।" (कलस्सी ३ : २३ - २४)

हार्दिक शुभकामना

पुनरुत्थान (इस्टर) महोत्सवका साथै नव वर्ष वि.सं. २०७७ को सुखद अवसरमा

सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनी तथा नेपालका सम्पूर्ण मण्डली

परिवारमा उत्तरोत्तर प्रगति, सुख, शान्ति एवं सुस्वास्थ्यको शुभकामना

व्यक्त गर्दै सबैमा प्रेम, विश्वास र एकताका लागि

परमेश्वरसँग प्रार्थना गर्दछौं ।

नेपाल खीष्टियन हेराल्ड परिवार

प्रेरणा मण्डली परिवार	जी. एन. माउन्टेन गियर परिवार
ग्रेस एकेडेमिक कन्सल्टेन्सी परिवार	समर्पण आमा-दिदीबहिनी प्रार्थना सङ्गति
पिप्ले मण्डली परिषद्, चितवन परिवार	ACTS नेपाल परिवार

विशेष धन्यवाद

पा. माधव पौडेल, रुची पौडेल, प्रभात पौडेल, दीपक लामिछाने, चित्र सेन्चुरी, ललित तामाङ ।

स्थानीय वितरक

रमेश बिडारी तथा हेराल्ड इन्टरनेसनल अफिस दक्षिण कोरिया, एस्तर कुमाल, टोकियो, जापान, इस्माइल लेप्चा, दार्जीलिङ, भारत, सागर श्रेष्ठ, दुबई, केदार तामाङ, मलेसिया, पावल राई, बहराइन, सी.बी. लोप्चन, काठमाडौं, हेराल्ड अफिस, नयाँ बजार, काठमाडौं ।

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 01- 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Shanti Poudel

Editor: Nava Raj Panta